चन्द्रनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नाढीमन ताल, सर्लाही

मधेश प्रदेश, नेपाल

# दिवा खाजा संचालन तथा व्यवस्थापान सम्बन्धि कार्यविधि, २०७९

गाउँ .कार्यपालिका बैठकबाट पारित मिती :२०७९/०८/२९ गते

प्रमाणीकरण मिती :२०७९/०८/२९ गते

स्थानीय सरकार सँचालन ऐन, २०७४ अनुसार आधारभुत तह सम्मको शिक्षा संघिय सरकारको मापदण्डको आधारमा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा सो आधारमा शिक्षालाई निःशुल्क तथा अनिवार्य गराउनका लागि एउटा महत्वपुर्ण कार्यक्रम विधालयमा वालवालिकालाई दिवा खाजाको व्यवस्था गर्नु हो ।यस कार्यक्रमलाई सहजीकरण गर्ने उदेश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मंत्रालयले **"सामुदायिक विधालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६"** जारी गरेको सन्दर्भमा यस कार्यक्रमको संचालन तथा व्यवस्थापनलाई सु व्यवस्थि गर्नका लागि यस **चन्द्रनगर गाउँपालिकावाट** दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९ जारी गरिएको छ ।

राज कुमार महतो
गाउँपालिका अध्यक्ष



CS Scanned with CamScanner

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम दिवा खाजा संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९ रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

ग. यो कार्यविधि विधालयमा दिवाखाजा कार्यक्रम लागु भएका विधालयहरु र EMIS मा Entry भई Code प्राप्त गरेका मदरसा सहितको धार्मिक विधालयको हकमा मात्र लागु हुनेछ।

**२. परिभाषा :**

क. "दिवा खाजा" भन्नाले विधालय तथा मदरसा सहितका धार्मिक विधालयमा विधार्थीहरुका लागि व्यवस्था गरिएको खाजा कार्यक्रम सम्झनु पर्दछ।

ख. "प्रधानाध्यापक" भन्नाले यस निर्देशिकामा उल्लेख भए अनुसार करारमा विधालय व्यवस्थापनका लागि नियुक्ति भएमा प्रधानाध्यापक र मदरसा लगायतका धार्मिक विधालयका प्रमुख सम्झनु पर्छ।

ग. सो शब्दले निजि तथा संस्थागत विधालयका प्रमुखलाई समेत जनाउछ।

## परिच्छेद - २

## दिवा खाजा, कार्यक्रमको उद्धेश्य तथा लक्षित वर्ग/समुह

**३. उदेश्यहरु**

संघिय सरकारले विधालयमा पढने बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता, गुणस्तर अभिवृद्धि र स्वास्थ्य तथा पोषणमा सुधारका लागि संचालित दिवा खाजा कार्यक्रमका उदेश्यहरुलाई पुरा गर्ने गरी यस पालिकाले दिवा खाजा कार्यक्रमको लागि परिपुरक उदेश्यहरु निर्धारण गरेको छ जुन देहाय बमोजिम हुनेछ। सामुदायिक विधालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ र विधालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ लाई मुख्य आधार बनाएर स्थानीय तहको अवस्था र आवश्यकता अनुरुप दिवा खाजा कार्यक्रम संचालनलाई व्यवहारीक, व्यवस्थित र थप प्रभावकारी बनाउन तपसिल बमोजिमको उदेश्य हुनेछ।

क. विधालयमा विधार्थीको नतिजामुखि उपस्थिति।
ख. विधार्थीको पोषणमा सुधार।

ग. विधालय विचमै छोड्ने प्रवृतिमा कमि ।
घ.स्थानिय कृषी उपजलाई बढावा दिन ।
ङ. स्थानीय अर्थतन्त्रमा टेवा पुर्याउन ।
च. सामुदायीक विधालय र मदरसा लगायतका धार्मिक विधालयमा विधार्थीको पठन पाठनमा बाधा नपुरयाई व्यवस्थित रुपमा दिवा खाजा कार्यक्रम संचालन गर्न ।

**४. लक्षित समुह:**

संघीय सरकारले तोकेको सबै सामुदायिक विधालय तथा IEMIS मा Entry भई Code प्राप्त गरेका मदरसा लगायतका परम्परागत विधालयहरुका पुर्व प्राथमिक तह देखि कक्षा ६ सम्मका सबै विधार्थी यस कार्यक्रमको लक्षित समुह हुनेछ ।

## परिच्छेद - २

## दिवा खाजाको पोषण मापदण्ड र मेनु सम्बन्धी व्यवस्था

**५. पोषण मापदण्ड :**

संघिय सरकारंवाट तोकिएको पोषण मापदण्डलाई (दैनिक रुपमा चाहिने वृहत तथा सुक्ष्म पोषण तत्वहरु मात्राको ३०% दिवा खाजावाट प्राप्त हुनुपर्छ ) पुणरुपले पालना गर्न देहाय बमोजिमको व्यवस्था गरिनेछ ।

क. प्रत्येक एक व्यक्ति (विधार्थी) को लागि निम्न अनुसार खाध्य सामग्री मात्रा हुनेछ ।

| खाध सामाग्रीको समुह | वाल विकाश देखि कक्षा ६ सम्मको लागि मात्रा (ग्राममा) | कक्षा ७ देखि माथि लागि मात्रा (ग्राममा) | कैफियत |
|---|---|---|---|
| अन्न (चामल वा गहुँ कोदो मकै) | ८० | १०० | |
| दलहन | २० | २५ | |
| हरियो तरकारी | ५० | ७५ | |
| खाने तेल | ५ | ७.५ | |
| फलफुल<br>Type equation here. | १ ओटा | १ ओटा | |
| मरमसाला | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

*संघिय सरकारको अनुदान कक्षा ६ सम्म मात्र हुनेछ ।

ख. सबै विधालयले माथी उल्लेखित खाध्य सामग्रीहरुको न्युनतम मात्रा अनिवार्य रुपले पालना गर्नेछ ।

## ६. दिवा खाजाका लागि मेनु :

तोकिएको पोषण मापदण्ड र खाध्य सामाग्रीहरुको मात्राको आधारमा यस पालिका अन्तर्गत सम्पुर्ण विधालय तथा मदरसा लगायतका परम्परागत विधालयको लागि एउटै दिवा खाजाको साप्ताहिक मेनु हुनेछ। मेनुको लागि दहाय वमोजिको व्यवस्था गरिनेछ।

| क.स. | वार | परिकार | कैफियत |
|---|---|---|---|
| १ | आइतवार | खिर र तरकारी | हरियो तरकारी/साग अनिवार्य सहित सिजनल तरकारी |
| २ | सोमवार | चनाको तरकारी र चिउरा | सिजनल सलाद |
| ३ | मंगलवार | हलुवा र तरकारी | हरियो तरकारी/साग अनिवार्य सहित सिजनल तरकारी |
| ४ | बुधवार | मटरको तरकारी र चिउरा | सिजनल सलाद |
| ५ | विहिवार | मिक्स तरकारी र चिउरा | हरियो तरकारी/साग अनिवार्य सहित सिजनल तरकारी |
| ६ | शुकवार | खिचडी (प्रयाप्त दालको मात्रा र सिजनल साग भएको) र आलुको चोखा | घिउ सहित |

दिवा खाजाको मेन्यू, दिवा खाजा फोकल पर्सन, दिवा खाजा व्यवस्थापन समिती, विधालय व्यवस्थापन समिती, प्रधानाध्यापकको नाम, पद, सम्पर्क नम्वर सहितको ब्यानर प्रत्येक विधालयमा सबैले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्नेछ।

क. दिवा खाजाको मेनु निर्माणका लागि सहकारी, कृषि तथा अन्य समुहहरु, संघसंस्थाहरु, कृषि, पोषण, स्वास्थ्य विज्ञको परामर्श र विधालय शिक्षक, वि.व्य.स. र आमाहरुको सल्लाहमा हुनेछ।

ख. दिवा खाजाको मेनु पुर्ण रुपले यस पालिकाको उत्पादनमा आधारित हुने वा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न हुनेछ।

ग. प्रत्येक दिनको खाजा मेनु अलग अलग हुने तथा एक दिनको मेनु सबै विधालयमा एउटै हुने गरी साप्ताहिक मेनु लागु हुनेछ।

घ. वर्षको एक पटक मेनुको पुनरावलोकन गर्न सकिनेछ।

## परिच्छेद - ४

### ७. भण्डारण सहितको भान्साकोठा :

पालिकाले आफनो मातहातका सम्पुर्ण सामुदायिक विधालय तथा मदरसा लगायतका परम्परागत विधालयलाई आवश्यक रहेको खण्डमा भण्डारण सहितको भान्सा व्यवस्थापन गर्न अवस्था र आवश्यकता अनुरुप प्रत्येक ५ वर्षमा एकपटक देहाय वमोजिमको सहयोग गर्नेछ । दिवा खाजाको लागि विनियोजित सशर्त अनुदान वाट उक्त रकम उपलब्ध गराइने छ ।

क. ७५ जना नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु ३०,००० वा सो बराबरको सामाग्री

ख. ७६ देखि १५० सम्म नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु ४०,००० वा सो वरावरको सामाग्री

ग. १५१ देखि २५० सम्म नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु ५०,००० वा सो बरावरको सामाग्री

घ. २५० भन्दा भाथि सम्म नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु ६०,००० वा सो वरावरको सामाग्री

ड.) पालिकाले उपलब्ध गराएको नगद वा सामाग्री नपुग भएमा विधालयले विधालय व्यवस्थापन समितीको सहकार्यमा स्थानीय समुदाय, दाता, अन्य संघ संस्थाहरुको सहयोगमा भण्डारण सहितको भान्सा निर्माण गर्ने छन् ।

च. भण्डारण सहितको भान्सा निर्माण गर्दा सामुदायिक विधालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६ मा तोकिएको ढाँचामा मात्र निर्माण गर्नेछ । साथै स्थानीय निर्माण सामाग्रीको वहुप्रयोग गरिनेछ ।

पालिकाले उपलब्ध गराएको सामग्री नपुग भएमा विधालयले वि.व्य.स.को सहकार्यमा स्थानीय समुदाय, दाता, अन्य संघ संस्थाहरुको सहयोगमा भण्डारण सहितको भान्सा निर्माण वा व्यवस्थापन गर्नेछ ।

भण्डारण सहितको भान्सा निर्माण वा व्यवस्थापन गर्दा **"सामुदायिक विधालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६"** मा तोकिएको ढाचाँमा मात्र निर्माण गर्नेछ । साथै स्थानीय निर्माण सामग्रीको वहुप्रयोग गरिनेछ ।

## ८. खाजा पकाउन र खुवाउन आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन

पालिकाले आफनो मातहातका सम्पुर्ण सामुदायिक विधालय तथा मदरसा लगायतका परम्परागत विधालयलाई दिवा खाजा तयार गर्न, वितरण गर्न र खुवाउनलाई चाहिने आवश्यक सामाग्रीहरु (जस्तै चुलो, भाँडा, प्लेट, चम्चा, पानी राख्ने खाने भाडा आदि) को व्यवस्थापन गर्न प्रत्येक ५ वर्ष मा एकपटक देहाय बमोजिमको सहयोग गर्नेछ। दिवा खाजाको लागि विनियोजित सशर्त अनुदानवाट उक्त सामाग्रीहरु व्यवस्थापन गर्न सो रकम विधालय मदरसालाई उपलब्ध गराउने छ।

क. ७५ सम्म नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु १०,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

ख. ७६ देखि १५० सम्म नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु १५,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

ग. १५१ देखि २५० सम्म नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु २०,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

घ. २५० भन्दा माथि नियमित रुपमा विधार्थी उपस्थित हुने विधालयलाई रु २५,००० वा सो वरावरको भान्सा सामाग्रीहरुको एक सेट

ङ. यसरी विधालय व मदरसालाई भान्सा सामाग्रीहरु व्यवस्थापन गर्दा सामुदायिक विधालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका २०७६ मा तोकिएको विधार्थी संख्याको आधारमा चाहिने न्युनतम भान्सा सामाग्रीहरु व्यवस्था गर्नेछ।

सम्वन्धीत सामुदायीक विधालय वा मदरसामा वास्तविक विधार्थी संख्याको आधारमा दिवा खाजा भण्डारण गर्न, पकाउन र खुवाउन आवश्यक पर्ने भान्सा र भन्डारणमा प्रयोग गरिने आवश्यक सामाग्री र विधालय मदरसामा उपलब्ध सामाग्रीको विशलेषणं गरी आवश्यकता रहेको सामाग्रीहरु खरिद गरी विधालय मदरसाले व्यवस्थापन गर्नु पर्ने हुनेछ। उक्त सामाग्रीहरुको खरिद तथा व्यवस्थापनमा लाग्ने रकम दिवा खाजाको लागि विनियोजित सशर्त अनुदानबाट उपलब्ध गराइनेछ। यसरी विधालय मदरसाले खरिद तथा व्यवस्थापन गरेको सामाग्रीहरुको सुरक्षाको जिम्मेवारी विधालय मदरसाको हुनेछ। यसरी उपलब्ध गराइएका सामाग्रीहरु कम्तिमा पाँच वर्ष सम्म विधालयले सुरक्षित साथ प्रयोग गर्नेछ। प्रदान गरिएका सामग्रीहरुको पाँच वर्ष भित्र कुनै पनि कारणले सामाग्रीको कमि भएमा विधालयले नै उक्त सामाग्रीको व्यवस्था गर्नु पर्ने हुन्छ।

## ९. इन्धनको व्यवस्थापन :

विधालयहरुले दिवा खाजा तयार गर्न इन्धनको व्यवस्थापन आफै गर्नुपर्नेछ । विधालयहरुले संघीय सरकारले तोकेको रकम खाध सामाग्रीहरु र भान्सेको लागि खर्च गरी बाँकी रहेको रकमवाट इन्धनको व्यवस्थापन गर्नेछ । यदि विधालयले एल.पी.जी. ग्याँस चुलो प्रयोग नगरि दाउरा चुलो प्रयोग गरेको खण्डमा यस्ता चुलो **"सामुदायिक विधालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६"** मा तोकिएको अनुसारको धुवाँ रहित वातावरण मैत्री चुलो मात्र प्रयोग गर्नेछ । पालिकाले विधालयहरुमा यस्तो चुलो निर्माणको लागि नेपाल सरकारको सम्वन्धित निकाय **वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र** वा यसले तोकेको संस्थासँग सहकार्य गरी आवश्यक सहयोग गर्न सक्नेछ ।

# परिच्छेद - ५

# दिवा खाजाको खरिद तथा तयारी र रकम निकासा सम्वन्धी व्यवस्था

## १०. दिवा खाजाको लागि खाध्य सामाग्री खरिद :

यस गाउँपालिकामा खाध्य सामाग्रीहरुको खरिद देहाय वमोजिम हुनेछ ।

**क. दिवा खाजा सामग्री खरिद तथा आपुर्ति प्रकिया :** दिवा खाजा व्यवस्थापनको ढाँचा जुनसुकै भए पनि यसको खरिद तथा आपुर्ति सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम प्रतिस्पर्धात्मक विधि अपनाई खाध्य तथा व्यवस्थापन प्रकिया विधालय तहमा विधालय व्यवस्थापन समिति वा स्थानीय तहमा हुने समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**ख. खरिद योजना निर्माण, दररेट निर्धारण तथा खरिद सम्झौता :** विधालय वा स्थानीय तहले छ महिना वा वर्षका निम्ति खाजा खरिद तथा आपुर्ति गर्ने खरिद योजना बनाउनुपर्ने छ । योजना बनाउँदा निर्धारित खाध्य मेनु (दैनिक खाजा सूची) अनुसारका खाध्य सामग्रीको विवरण र गुणस्तर परिमाण समेत निर्धारण गरी गर्नु पर्नेछ । वास्तविक रुपमा उपस्थित हुने विधार्थी संख्या, विधालयमा खाजा उपभोग हुने दिन, प्रतिदिन आवश्यक पर्ने खाजा र खाध्य सामग्रीको परिमाण र लागत दर समेत अनुमानित रुपमा खरिद योजनामा उल्लेख गर्नुपर्दछ । खरिद मूल्य तथा दरभाउ तय गर्दा प्रचलित बजार दरभाउ तुलनात्मक विश्लेषण गर्नुपर्ने छ । यस प्रयोजनका लागि फारम प्रयोग गरी कम्तीमा दुई अथवा तीन ओटा खुद्रा, थोक बजार लागत कृषकको खेतबारीमा लाग्ने मूल्य तथा दरभाउलाई समेत मूल्यांकन गरी सोही अनुसार खाध्य सामग्री खरिद गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । यसरी निर्धारण गरिएको दररेटको आधारमा स्थानीय तह अथवा विधालयले छानिएका आपुर्तिकर्ता संग खाध्य सामग्री आपुर्तिको लागि सम्झौता गर्नुपर्छ ।



CamScanner

**ग. खाध्य सामग्री प्राप्ति र रकम भुक्तानी :** सम्झौतामा उल्लेखित समय तालिकाअनुसार आपुर्तिकर्ताले खाध्य सामग्री आपुर्ति गर्नुपर्ने छ । सड्ने, कुहिने, गल्ने र लामो समयसम्म भण्डारण गर्न सकिने सामग्रीको आपुर्ति समय तालिका अलग अलग निर्धारण गर्नु पर्ने छ । खाध्य सामग्रीका प्रकारगत परिमाण र गुणस्तर तोकिएबमोजिम भएको आधिकारिक पदाधिकारीबाट सुनिश्चित गर्नुपर्ने छ । भुक्तानी तालिकाअनुसार आपूर्तिकर्तालाई आपूर्ति भएको सामग्रीको मूल्य भुक्तानी गर्नुपर्ने छ ।

**घ. स्थानीय साना किसान र कृषि व्यवसायसंग सम्बन्ध स्थापना :** विधालय दिवा खाजा कार्यक्रम पूर्णतया: स्थानीय कृषि व्यवसाय र साना किसानका कृषि उत्पादनमा आधारित हुने छ । कार्यक्रमलाई स्थानीय कृषि उत्पादनमा आधारित बनाउन विधालय र अवस्थाअनुसार स्थानीय किसान संघ, महिला, कृषक, कृषि सहकारी, किसान समुह र स्थानीय समुदायविच सम्वन्ध स्थापना गर्नुपर्ने छ । दिवा खाजाका लागि आवश्यक खाध्य सामग्री साना किसानवाट उत्पादित स्थानीय कृषि उपज मध्येवाट नै खरिद गर्नुपर्ने छ । यस अर्न्तगत विधालयले पालिकावाट पहिचान भएको महिला वा कृषि सहकारी, किसान समुह वा अन्य आपुर्तिकर्तासँग खाध सामाग्री खरिद तथा आपुर्ति गर्नेछ ।

यस्ता जो सुकै आपुर्तिकर्ता भएपनि दिवा खाजाका लागि चाहिने सम्पुर्ण खाध सामाग्री (स्थानीय स्तरमा उत्पादन नहुने वाहेक ) स्थानिय स्तरमा उत्पादन भएको हुनुपर्छ । तोकिएको सम्झौता अवधिमा ५० भन्दा कम मुल्य वरावरको स्थानिय उत्पादित खाध सामाग्री आपुर्ति भएमा विधालयले यस्तो आपुर्तिकर्ता सँग खरिद सम्झौता नविकरण गर्ने छैन ।

## ११. खाजा तयारी तथा वितरण सम्वन्धी व्यवस्था :

क. सुविधासहितको नियूक्त गरिएका भान्सेमार्फत दिवा खाजा तयारी तथा वितरणको व्यवस्था गरिनेछ । विधालय मदरसमा स्थानीय तहले तोकेको मापदण्डअनुसारको भान्सेको नियुक्ति गरिन्छ । दिवा खाजा पकाउन र वितरण गर्न तथा व्यवस्थापनमा सहयोग गर्न भान्सेलाई प्रत्येक वार्षिक शैक्षिक सत्रमा १८० दिनको लागि ज्यालादारीमा खटाइने गरि नियुक्त गरिनेछ । यसरी नियुक्त गरिएको भान्सेको कार्य सन्तोषजनक नभए अर्को योग्य भान्से नियुक्त गरिनेछ । विधालय व्यवस्थापन समितीले ज्यालादारीमा भान्से राख्ने सार्वजनिक सुचना प्रकाशन गरी र प्रयाप्त रुपमा सार्वजनिक स्थलहरुमा सुचना टाँस गराई ईच्छुक तथा योग्य व्यक्तिको निवेदन आव्हान गरी पेश भई आएको निवेदकहरुको अन्तरवार्ता तथा प्रयोगात्मक परिक्षा लिएर परिक्षाको परिणाम सांराश सहित विधालय व्यवस्थापन समितीले गाउँपालिकामा स्वीकृतिको लागि सिफारिस गर्नेछ । विधालय व्यवस्थापन समितीको सिफारिसको आधारमा र आवश्यक परेको खण्डमा थप अवस्था विषलेशन गरि गाउँपालिकाले स्वीकृति दिई भान्सेको नियुक्ती गरिनेछ । भान्से नियुक्ती गर्दा विधालयमा नियमितरुपमा उपस्थित हुने वास्तविक विधार्थीको संख्याको आधारमा दिवा खाजा व्यवस्थापन गर्न आवश्यक पर्ने भान्सेको संख्या गाउँपालिकाले तोकेको संख्या अनुसार हुनेछ । दिवा खाजा पकाउन, वितरन गर्न र व्यवस्थापनमा सहयोग गर्न खटाइने

भान्सेको दैनिक ज्यालादारी पारिश्रमिकको रकम दिवा खाजाको लागि विनियोजित सशर्त अनुदानबाट उपलब्ध गराइनेछ । भान्सेलाई सम्बन्धित विधालयका कार्यालय सहयोगीले दिवा व्यवस्थापनमा सहयोग गर्नेछ ।

ख. सुरक्षाको दृष्टिले पहिले प्रधानाध्यापक वा फोकल शिक्षकले तयार भएको खाजा खाएर रुजु गरेपछि मात्र वितरण गर्नेछ ।

ग. तयार भएको खाजा वितरण शिक्षकहरुको उपस्थिति तथा सहयोगमा मात्र हुनेछ । वितरण गर्दा पहिले सबभन्दा साना कक्षा देखि शुरु गरि क्रमश : माथिको कक्षाहरुलाई मात्र वितरण गर्ने ।

घ. खाजा वितरण गर्नु भन्दा अगाडी विधार्थीलाई साबुन पानीले अनिवार्य रुपमा हाथ धुने व्यवस्था मिलाउन पर्ने छ ।

ङ. विधालयमा विधार्थीहरुलाई सहज र प्रयाप्त रुपमा स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउनु पर्नेछ । सफा र स्वच्छ पानीको स्थायी व्यवस्था नहुनजेलको लागि पोर्टेवल पानी टंकी (टुटी भएको ठुलो वाल्टिन) मार्फत विधार्थीलाई शुद्ध, सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था मिलाउनु पर्ने छ ।

च. खाजा खाने बेला विधार्थीलाई उपयुक्त तरिकाले बसेर खाने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्ने छ । खाजा खाने बेला सफा प्लेट र चम्चाको प्रयोग गर्नु पर्ने र विधार्थीहरुलाई व्यवस्थित रुपमा वसाएर खाजा खुवाउने व्यवस्था नभएको विधालयमा कक्षा कोठा भित्र नै खाजा खुवाउने व्यवस्था मिलाउन सकिन्छ ।

छ. दिवा खाजा खाने विधार्थीको प्रत्येक दिनको उपस्थितीको अभिलेख राख्न छुटै दिवा खाजा हाजीरी रजिष्टारको व्यवस्था गरी अनिवार्य रुपमा लागु गर्नु पर्ने छ ।

## १२. दिवा खाजाको लागि रकम निकासा :

पालिकाले दिवा खाजा व्यवस्थापनका लागि नगद वा जिन्सी निकासा देहाय बमोजिम गर्नेछ ।

क. संघिय सरकारवाट प्राप्त विधार्थी भर्ना र विधालयमा वास्तविक रुपमा उपस्थित हुने विधार्थीको संख्याको अनुसारको रकम प्रत्येक विधालयको खातामा त्रैमासिक रुपमा पेश्की स्वरुप पठाउनेछ । पेश्की रकम पठाउदां त्यस अवधीमा परेको शनिवार, सार्वजनिक विदा तथा विधालय बन्द रहेको दिन आदि दिनहरुको अवधि कट्टा गरी विधालय संचालन हुने वास्तविक दिनको रकम खातामा त्रैमासिक रुपमा पेश्की स्वरुप पठाउनेछ । यसको लागि विधालयले पछिल्लो त्रैमासिकको प्रगति विवरण सहित अनुदान निकासा फारम भरि अनुसुचि (क) पालिकाको शिक्षा शाखामा पेश गर्नेछ । पहिलो पटकलाई पछिल्लो त्रैमासिक विवरण आवश्यक पर्ने छैन ।

ख. पालिकाले रकम निकाशा गर्दा विधालयले पेश गरेको पछिल्लो प्रगति विवरण सहितको त्रैमासिकको खर्च फछ्यौट गरी मौज्दात रकमलाई कटाई अर्को त्रैमासिकको लागि थप निकाशा दिनेछ । विधालयले पछिल्लो पेश्कीको फर्छौट अनिवार्य रुपमा गरेर मात्र अगामी पेश्की प्राप्त गर्ने छ ।

ग. माथिको रकम निकाशाको लागि विधालयले अनुसुचि (क) अनुसारको माग फारम भरि पालिकाको शिक्षा शाखामा पेश गर्नेछ ।

घ. गाउँपालिकाबाट वा गाउँपालिकाले तोकेको प्रतिनिधी मार्फत विधालयमा दिवा खाजाको अनुगमन गर्दा तीन पटकको अनुगमनमा देखिएको विधार्थीको वास्तविक उपस्थितीको औसत संख्याको आधारमा मात्र दिवा खाजाको रकम उक्त विधालयलाई उपलब्ध गराउने छ। विधार्थी भर्नाको संख्या र विधार्थीको वास्तविक उपस्थितीको खाडललाई कम गर्न दिवा खाजा रकमको समुचित प्रयोगलाई प्रवर्दन गर्न र विधालयमा वास्तविक उपस्थित हुने सम्पूर्ण लक्षित विधार्थीलाई गुणस्तरीय दिवा खाजा व्यवस्थापन गर्न वास्तविक उपस्थित विधार्थी संख्याको आधारमा मात्र दिवा खाजाको रकम निकाशा गर्ने मजबुत प्रणाली स्थापना गाउँपालिकाले गर्नेछ।

## परिच्छेद - ६

## दिवा खाजाको संचालनको लागि कार्यान्वयन प्रकृया तथा संस्थागत संरचना

**१३. स्थानिय तहको कार्यक्रम कार्यान्वयन संयन्त्र :**

दिवा खाजा व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकामा रहने सामाजिक विकाश समितिलाई नै हुनेछ। यस कार्यका लागि देहाय वमोजिमका सदस्यहरु समेत हुने गरि एक उपसमिति गठन गरिने छ।

क. उपाध्यक्ष -अध्यक्ष
ख. सामाजिक विकास समितिको प्रमुख -सदस्य
ग. गाउँपालिका अध्यक्षले तोकेको स्थानीय तहको वडा अध्यक्ष मध्ये एक जना -सदस्य
घ. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
ङ. विधालय व्यवस्थापन समिति अध्यक्ष मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको एक जना -सदस्य
च. आधारभुत तहका शिक्षकहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको एक जना -सदस्य
छ. स्थानीय तह भित्रका महिला शिक्षक मध्ये गाउँपालिका अध्यक्षले मनोनित गरेको महिला शिक्षक एक जना -सदस्य
ज. स्वास्थ्य तथा पोषण र कृषि विकास हेर्ने शाखा प्रमुखहरु दुई जना -सदस्य
झ. महिला विकास शाखा प्रमुख -सदस्य
ञ. स्थानीय तहको शिक्षा हेर्ने शाखा प्रमुख, शिक्षा अधिकृत वा शाखामा सहयोग गर्ने कर्मचारी - सदस्य सचिव

**१४. आमा समुह गठन :**

पालिका अर्न्तगतका प्रत्येक विधालयहरुले विधालय व्यवस्थापन समितीको अगुवाईमा दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनमा सहयोग जुटाउन ७ देखि ११ जना एक समुहमा पर्ने गरी अध्ययनरत विधार्थीहरुको आमाहरुको समुह सुची बनाउने छ। यी आमाको समुहहरुले पालैपालो विधालयमा दिवा



CamScanner

खाजाका लागि भएको खाद्य सामाग्रीहरु परिक्षण गरी प्राप्त गर्ने, खाजा तयारी, वितरण, सरसफाई तथा फोहोर व्यवस्थापन जस्ता कार्यहरुमा सहयोग तथा अनुगमन गर्नेछ ।

**१५. विधालय व्यवस्थापन समिति :**

विधालय व्यवस्थापन समितीले विधालय, दिवा खाजा व्यवस्थापन समिती र आमा समुहसँग सल्लाह र सहयोगमा निम्न कार्यहरु गर्नेछ ।

क. पालिकाले दिवा खाजाको लागि तोकेको न्युनतम मापदण्ड आवश्यक पुर्वाधारहरुको व्यवस्थापन ।

ख. न्युनतम मापदण्ड र आवश्यक पुर्वाधारहरुको व्यवस्थापनको लागि चाहिने आर्थिक तथा जिन्सी स्रोत व्यवस्थापनको लागि वडा कार्यालय, गाउँपालिका लगायत अन्य निकाय र दातासँग सहकार्य ।

ग. पालिकाले दिवा खाजाको लागि तोकेको मेनुको र अन्य पोषण मापदण्डलाई चाहिने खाध्य सामाग्रीहरुको लागि अनुसुची (ख) अनुसारको खरिद योजना तयार गर्नेछ ।

घ. खरिद योजना अनुसार पालिकाले पहिचान गरेको कृषि सहकारी वा किसान समुहसँग आवश्यक परिमाण सहितको खाद्य तथा आपुर्तिको लागि अनुसुचि (ग) अनुसारको ढाचाँमा सम्झौता गर्नेछ ।

ङ. आमा समुहलाई तोकिएको कार्यको लागि रुटिन अनुसार परिचालन गर्ने ।

च. दिवा खाजा संचालनको लागि तोकिएको मापदण्ड अनुसारको रकम वा अन्य स्रोतहरुको निकासाको लागि आवश्यक कागजात तथा प्रकृया पुरा गरी पालिकाको शिक्षा शाखामा पेश गर्ने ।

छ. खाध्य सामग्री आपुर्तिकर्तालाई तोकिएको समयमा रकम उपलब्ध गराउने ।

ज. दिवा खाजाको तयारीको लागि भान्सेको पहिचान, परिचालन गर्ने ।

**१६.विधालय दिवा खाजा व्यवस्थापन समिति :**

विधालयले तपशिल वमोजिमको विधालय दिवा खाजा व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

| | |
|---|---|
| क. अभिभावक मध्येबाट अभिभावकहरुले छानेको १ जना | अध्यक्ष |
| ख. अभिभावकहरुले महिला र दलितलाई प्राथमिकता हुने गरि छानेका ३ जना | सदस्य |
| ग. विधालयमा दिवा खाजाको फोकल पर्सन शिक्षक वा कर्मचारी | सदस्य |
| घ. विधालयमा कार्यरत कार्यालय सहयोगी | सदस्य |
| ङ. विधालयको प्र.अ. | सदस्य सचिव |

**१७. वडा कार्यालय :**

वडा कार्यालयहरुले दिवा खाजा कार्यान्वयनमा देहायको कार्यहरु गर्नेछ ।

क. विधालयहरुलाई चाहिने आवश्यक पुर्वाधारको लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

ख. विधालय र पालिकाको बिचमा पुलको काम गरी विभिन्न निकायहरु विच समन्वय गर्ने ।

ग. तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने गराउने ।

घ. आफना मातहातका विधालयहरुलाई दिवा खाजाको लागि वार्षिक रुपमा समाजिक परीक्षण गराउन सहयोग गर्ने ।



राज कुमार ...
गाउँपालिका अध्यक्ष

## १८. स्थानीय तह शिक्षा शाखा :

स्थानीय तह शिक्षा शाखाले दिवा खाजा संचालन र कार्यन्वयनमा देहायको कार्यहरु गर्नेछ ।

क. सम्वन्धित निकाय लगायत शिक्षक, विधालय व्यवस्थापन समिती, दिवा खाजा व्यवस्थापन समिती र आमा समुहको प्रतिनिधिहरुको समन्वयमा तोकिएको मापदण्ड अनुसारको मेनु निर्माण तथा परिमार्जन गरी गाउँ शिक्षा समिती प्रमुखबाट स्वीकृति लिने र कार्यान्वयन गर्ने गराउने ।

ख. दिवा खाजा संचालनको लीग एउटा कार्ययोजना तथा वार्षिक वजेट वनाई गाउँ शिक्षा समितीबाट अनुमोदन गराई कार्यपालिकामा स्विकृतीको लागि पेश गर्ने ।

ग. दिवा खाजा संचालनको लागि चाहिने मानव स्रोत तथा कर्मचारीको आवश्यकता पहिचान गरी सोको व्यवस्थापनको लागि स्थानिय तह कार्यपालिका सँग पहल गर्ने ।

घ. विधालयहरुलाई तोकिएके मापदण्ड तथा नियम अनुसार त्रैमासिक रुपमा निकासा दिने ।

ङ. विधालयहरुले पेश गरेको प्रगति प्रतिवेदनहरुलाई एकिकृत गरी आफनो स्थानीय तह स्तरीय प्रतिवेदन तयार गरी सो प्रतिवेदन पालिका लगायत अन्य निकायमा पेश गर्ने ।

च.मासिक प्रधानाध्यापक बैठकमा दिवा खाजा विषयसँग सम्वन्धित अनिवार्य रुपमा एउटा विषयवस्तुका रुपमा छलफल गर्ने गराउने र दिवा खाजालाई एउटा साधनको रुपमा उपयोग गरी वालवालिकाको शिक्षामा पहुँच, सहभागिता र सिकाईमा सुनिश्चिता गर्ने खालको कृयाकलापहरुमा छलफल गराउने ।

छ. दिवा खाजा संचालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरुको (भान्से, वि.व्य.स.र शिक्षकहरुको ) क्षमता विकासका लागि सम्वन्धित निकायहरु (जस्तै खाध्य तथा गुणस्तर नियन्त्रण विभाग, शिक्षाको लागि खाध्य परियोजना, परिवार कल्याण महाशाखा आदी ) तथा अन्य विकास साझेदारहरु सँग समन्वय गर्ने ।

ज. दिवा खाजाको कार्यान्वयन तोकिएको मापदण्ड अनुसारको भए नभएको अनुगमन गरी आवश्यक सल्लाह, सुझाव र सहजीकरण गर्ने गराउने ।

## १९. स्थानीय तह सामाजिक विकास समिति :

दिवा खाजा संचालनमा सामाजिक विकाश समितिको समन्वयकारी भुमिका रही निम्न कार्यहरु गर्नेछ ।

क. दिवा खाजाको लागि हुने यस समितिको वैठकमा आवश्यकता अनुसार पालिका अर्न्तगतको कृषि, पशु, सामाजिक सुरक्षा शाखाका प्रमुखहरु लगायत अन्य सरोकारवालाहरुलाई पनि आमन्त्रण गरि वहुक्षेत्रिय प्लेटफर्म कायम गरि आवश्यक सहयोग र सहकार्यका लागि पहल गर्ने ।

ख. दिवा खाजालाई स्थानिय स्तरको उत्पादनमा आधारित वनाउन पालिका कृषि शाखाको सहयोगमा कृषि सहकारी, सहकारी वा किसान समुहहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोगहरु दिलाउन पहल गर्न ।

ग. दिवा खाजा संचालंनमा अन्य क्षेत्रको समेत भुमिका पहिचान गरि प्राविधिक, आर्थिक तथा अन्य सहयोग वा सहकार्यको लागि पहल गर्नेछ ।

घ. प्रत्येक त्रैमासिकमा कम्तिमा एक पटक आफनो मातहातको सम्पुर्ण विधालयहरुलाई संयुक्त अनुगमन गरि अनुगमनमा देखिएको विषय वस्तुलाई छलफल गरि दिवा खाजालाई प्रभावकारी वनाउने पहल गर्नेछ ।



राज कुमार मेहता
गाउँपालिका अध्यक्ष

२०. स्थानीय तह कार्यपालिका :

दिवा खाजा संचालन, व्यवस्थापन र कार्यान्वयनको लागि स्थानिय तहको कार्यपालिका नीति निर्धारण तथा अन्तिम निर्णय गर्ने निकाय रहनेछ र देहाय वमोजिमको कार्य गर्ने छ ।

क. गाउँ शिक्षा समिती, सामाजिक विकास समिति, पालिका स्तरीय दिवा खाजा व्यवस्थापन उप समितीवाट पेश भएको नीति, नियम, योजना, तथा कार्यक्रमहरुको मस्यौदा माथि छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने ।
ख. शिक्षा शाखावाट प्रस्तुत भएको दिवा खाजाको कार्ययोजना, वार्षिक वजेटलाई स्विकृत गर्ने ।
ग. संघिय सरकारवाट प्राप्त रकम वाहेको दिवा खाजाको व्यवस्थापनलाई चुस्त दुरुस्त गर्न थप वजेटको व्यवस्थापन तथा वाडँफाट गर्ने ।
घ. दिवा खाजा व्यवस्थापनलाई प्रभावकारी गर्न यस स्थानिय तह अर्न्तगत भएको शाखाहरुमा फोकल कर्मचारी तोक्ने वा आवश्यक कर्मचारी काममा खटाउने ।
ङ. दिवा खाजाको लागि चाहिने आवश्यक पुर्वाधारहरुको विकास गर्न गैर सरकारी संघ संस्था, निजि क्षेत्र, दातृ निकायहरुसँग सहयोगको लागि आवश्यक सहकार्य गर्ने ।
च. गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य तथा पोषण शाखा र सम्वन्धित वडाका स्वास्थ्य संस्थाले दिवा खाजाको गुणस्तर र पोषण तत्वको समिश्रण सुनिश्चितता गर्न नियमित रुपमा अनुगमन गर्ने र शिक्षा खाजामा सुझाव सल्लाह सहित सुधारको लागि कार्यपालिकामा सिफारिस सहित स्वीकृतीको लागि पेश गर्ने ।

## परिच्छेद - ७

## दिवा खाजाको लागि चाहिने आवश्यक स्रोतको लागि लागत साझेदारी

क. विधालयमा दिवा खाजा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार सहित स्थानीय तह र सहयोगि संस्था र अभिभावकवीच सहकार्य र साझेदारी गरिने छ ।
ख. दिवा खाजा व्यवस्थापनका लागि स्थानिय सहकारी, आमा समुह, क्याटरिङ संचालक, कृषक समुह संग आवश्यक वितिय, व्यवस्थापकीय तथा लागत साझेदारी गर्न सकिने छ ।

## विविध

**क. खारेजी** : यस अघि जारी भएको विधार्थी खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ खारेज गरिएको छ ।

अनुसुचि (क)

चन्द्रनगर गाउँपालिका
शिक्षा शाखा

## त्रैमासिक प्रगति विवरण तथा अनुदान निकासा फारम
## (त्रैमासिक विवरणका आधारमा तथ्याङ्क भर्नुपर्ने )

विधालयको नाम : वडा नं.

अधिल्लो त्रैमासिकमा विधालय सञ्चालित दिन :

खाजा उपभोग भएका जम्मा दिन :

**क. अधिल्लो त्रैमासिकको विधार्थी संख्या**

| विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| जम्मा भर्ना | | | |
| जम्मा उपस्थित दिन | | | |
| खाजा उपभोग भएका दिनको जम्मा उपस्थिति | | | |

**ख. पछिल्लो मौज्दातको र आगामी निकाशाको विवरण**

| विवरण | रकम (रु हजारमा) | खाध्य सामग्री १ (केजी) | खाध्य सामग्री २ (केजी) | खाध्य सामग्री ३ (केजी) | खाध्य सामग्री ४(केजी) |
|---|---|---|---|---|---|
| गत त्रैमासिकको मौज्दात | | | | | |
| गत त्रैमासिकमा प्रगति | | | | | |
| गत त्रैमासिकको खर्च | | | | | |
| बचत र मौज्दात | | | | | |
| जम्मा विधार्थी भर्ना | | | | | |

राजन बहादुर कठायत
गाउँपालिका अध्यक्ष



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| अगामी त्रैमासिकमा खाजा उपभोग हुने जम्मा दिन | | | | | |
| प्रतिदिन प्रति विधार्थी लागत रकम र आवश्यक खाध सामग्री | | | | | |
| परिमाण दर | | | | | |
| आवश्यक खाध सामग्री परिमाण र रकम | | | | | |
| जम्मा मौज्दात वचत | | | | | |
| निकासा हुनुपर्ने रकम र खाध्य सामग्री | | | | | |

विव्यस अध्यक्षको नाम :

सही :

सामग्री बुझिलिनेको नाम :

विधालयको छाप :

खाध्य सामग्री वा रकम निकासा गर्नै अधिकारीको नाम:

सही :

गाउँपालिका अध्यक्ष

## अनुसुचि (ख)

## खरिद समितिले तयार गर्नुपर्ने खरिद योजनाको विवरण

**विधालय :** **पालिका वडा नं.**

**क. खाध्य सामग्री परिमाण र लागत अनुमान** **मिति :**

| निर्धारित खाध्य टोकरी परिकार | ....वर्ष मा खाजा उपभोग हुने अनुमानित दिन | खाजा परिमाण को दर | जम्मा विधार्थी भर्ना | आवश्यक पर्ने सामाग्री को परिमाण | वचत र मौज्दात खाध्य सामग्री को परिमाण | खरिद गर्नुपर्ने खाध्य सामग्री को वास्तविक परिमाण | अनुमानित एकाई मुल्य दर | अनुमानित जम्मा मुल्य | सामग्री को गुणस्तर विवरण (ब्राण्ड राम्रो असल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसुची (ग)

## विधालय खाजाका लागि खाध्य सामग्री आपुर्तिको आपुर्तिकर्ता र विधालय/पालिका बिच भएको सम्झौता

बोलपत्र नं. ............................

विधालय / पालिकाको नाम................................................ पालिका वडा नं........

आपुर्तिकर्ताको नाम ..............................ठेगाना .......................सम्पुर्क नं......................

तल उल्लिखित शर्त अनुसार तालिका क वमोजिमका खाध्य सामग्रीहरु खरिद सामग्रीहरु खरिद तथा आपुर्ति गर्न दुवै पक्ष मञ्जुर भई यो सम्झौता आज ...........................का दिन माथि भनिएका विधालय / पालिका र आपुर्तिकर्ता विच सम्पन्न भएको छ ।

**तालिका क : खरिद तथा आपुर्ति गरिने खाध्य सामग्रीहरु**

| क.स. | खाध्य सामग्री | खाध्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाई मुल्य दर रुं | जम्मा मुल्य रु | आपुर्ति समय र तरिका |
|---|---|---|---|---|---|---|
| क.अन्न | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख.दाल तथा गेडागुडी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ग. हरियो सागपात | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| क.स. | खाध्य सामग्री | खाध्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाई मुल्य दर रु | जम्मा मुल्य रु | आपुर्ति समय र तरिका |
|---|---|---|---|---|---|---|
| घ. अरु तरकारी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ङ.जरा तथा कन्दमुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| च. फलफुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| छ.बदाम | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| छ.अण्डा | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले
मदन बहादुर थिङ
प्रमुख प्रशासकिय अधिकृत



CamScanner